प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## Province Crisis Management Center (PCMC) को मिति २०७७।०१।२९ गतेको बैठकका निर्णयहरु:

१. छिमेकी मित्रराष्ट्र भारतबाट नेपालका विभिन्न सीमा नाकामा प्रवेश गर्ने नेपाली नागरिकलाई सीमा क्षेत्रसँगै क्वारेन्टाइन स्थापना गरी तोकिएको अवधि क्वारेन्टाइनमा राख्ने र तोकेको अवधि पश्चात PCR परीक्षण गरी Negative Report आएकालाई सम्बन्धित जिल्लामा पठाउने व्यवस्था शिघ्र मिलाउन सिसिएमसी (CCMC) र नेपाल सरकारलाई अनुरोध गर्ने।

२. प्रदेशको सीमा नाकामा आई अलपत्र परेका नागरिकलाई सम्भव भएसम्म अनिवार्यरुपमा तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राख्ने गरी सम्बन्धित जिल्ला र स्थानीय तहमा पठाउने व्यवस्था गर्ने।

३. प्रदेशको नाकामा प्रवेश गर्ने नागरिकको नेपाल प्रहरीले दूरसंचार कम्पनीसंगको समन्वयमा tracing र tracking को कार्य गरी जोखिमयुक्त क्षेत्र (Red Zone) बाट आएका नागरिकलाई सुरक्षित रुपमा क्वारेन्टाइनसम्म पुऱ्याउने ।

४. भारतबाट आउन सक्ने सम्भाव्य नागरिक संख्याको आँकलन गरी सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रमा त्यसरी आउने नागरिकहरूलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने गरी आवश्यक पूर्व तयारी गर्न आग्रह गर्ने।

५. सार्वजनिक आवागमनका दृष्टिले प्रदेशको सीमा नाकामा पूर्ववत रुपमा कडाइ कायम राख्ने।

६. देहायका सामग्री प्रदेश सीमाबाट सुरक्षित रुपमा प्रवेश हुन दिने तथा आन्तरिक ढुवानीको व्यवस्था मिलाउने ।

- स्वास्थ्य उपकरण, औषधी तथा औषधीजन्य सामग्री
- कृषि र पशुपालनका लागि आवश्यक सामग्रीः बिउबिजन, माछाका भुरा, दाना, मल, आवश्यक कृषि उपकरण तथा औजार
- निर्माण सामग्रीः पाइप, सिमेन्ट, छड, तार जाली, मेशिनरी औजार तथा उपकरण, टायल, मार्बल, पेन्टिगं सामान, बालुवा, गिट्टि, चिप्स, रगं रोगन सामान, बिद्युत जडानका सामानहरु र निर्माण कार्य सँग सम्बन्धित अन्य सामग्रीहरु,
- खाद्य सामग्रीः दाल, चामल, नुन, तेल, चिनी र अन्य उत्पादन,
- पेट्रोलियम पदार्थः डिजेल, पेट्रोल ग्यास र मट्टितेल,
- पाठ्यपुस्तक, पाठ्यसामग्री र स्टेशनरी,
- उद्योगजन्य उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ,

यसरी ढुवानी गर्ने सवारी साधनमा चालक र सहचालक भन्दा बाहेक अन्य व्यक्ति वा यात्रु रहन पाउने छैन ।

७. प्रदेशको आन्तरिक उत्पादनलाई प्रदेशभित्र आवागमन तथा ढुवानी र प्रदेश बाहिर निर्यात हुन दिने।

सचिव

प्रमुख सचिव

बहादुर शाही
मुख्यमन्त्री

८. प्रदेशभित्र प्रवेश गर्ने र प्रदेशभित्र संचालनहुने सवारी साधनहरु, नाका तथा निश्चित बिन्दूहरुमा अनिवार्य रुपमा निसंक्रमण (Disinfect) गर्न लगाउने र निसंक्रमण भएको सुनिश्चित गरेरमात्र प्रवेश र संचालनको अनुमति प्रदान गर्ने ।

९. प्रदेश बाहिरबाट प्रदेशमा आउने देहायका व्यक्तिहरुलाई अनुमति प्रदान गर्नेः

- प्रदेश सरकारका कर्मचारीहरू, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरु,
- राष्ट्रसेवक कर्मचारीहरु,
- बिरामी र अत्यावश्यक अवस्थामा बिरामीको कुरुवा,
- किरियापुत्री वा किरिया गर्नुपर्ने व्यक्ति,
- तोकिएको कार्यमा प्रयोगहुने सम्बन्धित सार्वजनिक निकाय र निर्माण व्यवसायीको सिफारिशमा ल्याउनुपर्ने अत्यावश्यक र न्यूनतम संख्याका श्रमिक, मजदूर वा कालिगढ़ ।

१०. उद्यम, व्यापार र व्यवसाय सञ्चालनका लागि जिल्लाको अवस्था हेरी स्थानीय तहमा रहेका राष्ट्रियस्तरका दलहरु र उद्योगी व्यवसायीका प्रतिनिधिमूलक संस्थाहरु समेत रहेको बैठकबाट आवश्यक प्रबन्ध गर्न जिल्ला प्रशासन कार्यालयहरुलाई लेखी पठाउने ।

११. खेतीयोग्य बाँझो जग्गालाई (वनक्षेत्र बाहेकको) उत्पादनमूलक रुपमा उपयोगको व्यवस्था मिलाई मौसमी तथा बेमौसमी कृषि, पशु तथा पंछीजन्य उत्पादन बढाउन स्थानीय तहलाई अनुरोध गर्ने ।

१२. सुरक्षा सतर्कता र भौतिक दुरी कायम गरी स्थानीय तहको समन्वयमा किसानहरुलाई बाली स्याहार्ने र खेती गर्नका लागि सहजीकरण गर्ने ।

१३. वीरेन्द्रनगरमा रहेको क्वारेन्टाइनमा खाना तथा खाजाको लागि उद्योग तथा उपभोक्ता हित निर्देशनालय र अन्तर्गत कार्यालयबाट भइरहेको कार्यलाई निरन्तरता दिने। विशेष परिस्थितिमा (संख्या र समयावधि निश्चित नहुने भएकोले) उक्त कार्य सञ्चालन गर्नु परेकोले पटक पटक सूचना र विज्ञापनको प्रक्रियाबाट सेवाप्रदायक/आपूर्तिकर्ता छनोट गर्न सम्भव र व्यवहारिक समेत नहुने भएकाले प्रत्येक १४/१४ दिनमा भूक्तानी गर्ने गरी अवलम्बन गरिएको प्रक्रियालाई निरन्तरता दिने। खाजा खानाको भूक्तानी प्रकृयाको लागि क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको दैनिक विवरण नेपाली सेनाले र खटिएका स्वास्थ्यकर्मीहरुको विवरण सम्बन्धित जिल्लाको जनस्वास्थ्य कार्यालयले दिने।

१४. नेपाल सरकारको निर्णय अनुसार प्रदेश भित्र सरकारी तथा सार्वजनिक निकायहरु संचालनका लागि आवश्यक समन्वय र सहजीकरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले मिलाउने ।

१५. नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट भएका माथि उल्लेखित बाहेकका निर्णयहरु सोही अनुरुप कर्णाली प्रदेशमा कार्यान्वयन गर्ने गराउने।

सचिव     प्रमुख सचिव     मा. महेन्द्र बहादुर शाही मुख्यमन्त्री